**प्रेस विज्ञप्ति**

# न्याय विनाको सत्य मान्य हुनेछैन

२०६८ मंसिर १२, काठमाडौं ।

१. विगत सशस्त्र द्वन्द्वका अवधिमा भएका मानव अधिकार उल्लंघनका घटनाहरुबाट प्रताडित वर्षौदेखि सत्य र न्यायको खोजिमा संघर्षरत पीडित परिवार, तिनका पारिवारिक संगठनहरु तथा ती घटनाहरुको सम्बोधनको लागि निरन्तर आवाज उठाइरहेका मानवअधिकार समुदाय संविधान सभामा विचाराधिन सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगसम्बन्धी विधेयक सत्यको उजागर र पीडितहरुको न्याय सुनिश्चित हुने गरी पारित गर्न र तत्काल स्वतन्त्र तथा शक्तिशाली आयोगहरुको पारदर्शी ढंगले गठन गर्न जोडदार माग राख्दै उक्त कार्यप्रति सम्बन्धित पक्षहरु खासगरी राजनीतिक दलहरु गम्भिर नदेखिएकोमा गहिरो चिन्ता र चासो व्यक्त गर्दछौं । सत्य र न्यायप्राप्तीका लागि यदि अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी न्यूनतम मापदण्डहरु नसमेटिएको कानून र संयन्त्र निर्माण गरिएमा हामीलाई मान्य हुनेछैन । यदी हाम्रा मागहरुको सम्बोधन नभए वा प्रस्तावित् विधेयकहरुमा पीडितहरुको न्याय पाउने अधिकार हटाइ पारित गरिएको खण्डमा हामी त्यस्ता संयन्त्रहरु वहिस्कार गर्न बाध्य हुने अग्रिम सचेतना दिन्छौं ।

२. सत्य र न्यायको अधिकार सुनिश्चित गर्न निम्नलिखित मागहरु पूर्ण रुपमा सम्बोधन गर्न जोडदार आग्रह गर्दछौं ।

**क. क्षमादानका सम्बन्धमाः** अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानविय कानूनको गम्भिर उल्लंघन तथा दुर्व्यवहारलाई प्रतिनिधित्व गर्ने खालका कुनै पनि घटनाहरुमा कुनै पनि प्रकारको माफी, मिनाहा, मुद्दा फिर्ता जस्ता प्रावधान अस्विकार्य हुने हुँदा विधेयकमा रहेको क्षमादान दिन नहुने घटनाहरुको सूचीमा यौनजन्य हिंसाका घटनाहरु समेत थप गर्ने बाहेक उक्त सूचीबाट कुनै घटनाहरुलाई हटाउने प्रयास गरिनु हुँदैन । यस सम्बन्धमा विगतमा नेपाल सरकारले पीडित परिवार, नागरिक समाज, मानवअधिकार समुदायसँग छलफल, परामर्श पश्चात विधेयकमा क्षमादान दिन नहुने सम्बन्धमा गरेको प्रावधानलाई सम्मान गरिनुपर्दछ ।

**ख. आयोगको स्वतन्त्रता सम्बन्धमाः** स्वतन्त्र आयोगको प्रत्याभुती गरी त्यसको औचित्य कायम राख्न अन्तराष्ट्रिय रुपमा प्रचलित उत्कृष्ट उदाहरणहरुलाई ध्यानमा राखी स्वतन्त्र, निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा आयुक्तहरुको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरिनु पर्दछ ।

**ग. महान्यायधिवक्ताको भूमिकाः** गम्भिर अपराधका घटनालाई स्वतन्त्र र निष्पक्ष तरिकाबाट छानविन गरी अभियोजनको दायरामा ल्याउने प्रावधानलाई सुनिश्चित गर्न विधेयकमा महान्यायधिवक्तालाई अभियोजन गर्ने वा नगर्ने भनी निर्णय गर्न दिईएको अधिकार उपर पुनवरावलोकन गरिने व्यवस्था हुनुपर्दछ ।

**घ. पिडित तथा साक्षी संरक्षणका सम्बन्धमाः** पिडित वा साक्षीहरुको संरक्षण तथा सहयोगका लागि दुवै विधेयकमा आयोग अर्न्तगत नै रहने गरी साक्षी संरक्षण सम्बन्धी विशेष कार्यक्रमको व्यवस्था गरिनुपर्छ । सो देखि बाहेक कुनै पीडित वा साक्षीले आयोयमा बयानको क्रममा सार्वजनिक रुपमा पिडकको नाम लिन चाहेमा साक्षी सुरक्षा सम्बन्धी के कस्ता व्यवस्थाहरु गरिएका छन् सोको बारेमा पूर्व सूचना दिईनुपर्दछ । त्यस्तैगरी गम्भीर खालका बाहेकका अन्य अपराधहरुमा पिडकहरुद्वारा पिडितहरुलाई मेलमिलाप गर्न दबाब श्रृजना गर्न सक्ने स्थितिलाई ध्यानमा राखी पिडितहरुलाई त्यस विरुद्ध सुरक्षाको व्यवस्था गरिनुपर्छ । साथै अनुसन्धानको क्रममा प्राप्त प्रमाणहरुको सुरक्षाको लागि विशेष व्यवस्था सहित भविष्यमा सो सम्बन्धी सूचनामाथि पहुँचको लागि सार्वजनिक अभिलेखालयको स्थापनाको सुनिश्चित गरिनुपर्छ ।

**ङ. परिवारका सदस्यलाई सूचना प्रवाहको प्रावधानः** द्वन्द्व पीडित परिवारका सदस्यहरुलाई आयोगको स्थापना, आयोगको कार्यविधि, पीडित तथा साक्षीहरुसँगको बयान लगायत सार्वजनिक सनुवाई हुने स्थान, समय र मितिको पूर्व सूचना लगायत आयोगको कार्यावधि पछि आयोगले तयार गरेको प्रतिवेदन समेतको बारेमा जानकारी दिने व्यवस्था गरिनुपर्दछ ।

**च. शब उत्खनन् सम्बन्धमाः** विधेयकमा आयोगले शब उत्खनन् गरि वेपत्ता सम्बन्धी घटनाको वास्तविकता पत्ता लगाउने प्रावधान भएकोमा उत्खनन् सम्बन्धी कार्यलाई वैधानिकता प्रदान गर्न उत्खनन् सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र उत्कृष्ट अभ्यासहरुको अवलम्बन गरी सो अनुसारको कानूनको तर्जुमा गरिनुपर्दछ । आयोगले उत्खनन् सम्बन्धी प्रक्रियालाई व्यवस्थित रुपमा अघि बढाई सो सम्बन्धी सम्पूर्ण जानकारी पीडितलाई दिने र उत्खनन् प्रक्रियामा पीडितहरुको सहभागिता समेत सुनिश्चित गरिने व्यवस्था गरिनुपर्दछ ।

**छ. हदम्याद सम्बन्धी व्यवस्थाः** आयोगले गरेको सिफारिसका आधारमा हुने कुनै पनि घटनाको अभियोजन कारवाहीमा हदम्याद लागु नहुने व्यवस्था स्पष्ट रुपमा उल्लेख गरिनुपर्छ । द्वन्द्वका अवधिमा भएका मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बन्धमा पश्चातदर्शी कानूनी सिद्धान्त लागू नहुने व्यवस्था समेत संविधानमा नै गरिनुपर्दछ ।

**ज. प्रतिवेदन सार्वजनिकरणः** आयोगको प्रतिवेदन पिडित परिवार तथा सर्वसाधरणका लागि शिघ्र सार्वजनिक गर्ने व्यवस्था हुनुपर्छ । पीडितको सहमति अनुसार पिडकहरुको नाम समेत प्रतिवेदनमा सार्वजनिकरण गर्ने व्यवस्था हुनुपर्दछ ।

**झ. आयोगहरु बीचको समन्वयः**

दुई आयोग स्थापना भएमा आयोगहरूले एकीकृत अंगको रूपमा कार्य सम्पन्न गर्न र यसअतिरिक्त पीडितलाई पैदा गर्ने अन्योल, दोहोरोपन र भिन्न विधिहरूका साथसाथै सत्य आयोग र बेपत्ता आयोग विधेयकका रूपरेखाउपर स्पष्टताको खाँचोको जोखिमलाई ध्यान दिई तिनको स्थापनाको प्रारम्भमै दुवै आयोग बीच एकै बुझाइ सहितको सम्झौता गरी आयोगहरू बीचको दोहोरोपन न्यूनीकरण गरेर एकैसाथ सञ्चालत हुने व्यवस्था गरिनुपर्दछ ।

माथि उल्लेखित मागहरुको न्यायोचित सम्बोधन नगरिएमा हामीलाई सत्यको खोजी गर्ने निहुँमा मेलमिलाप गराउने उद्देश्यले न्यायलाई वञ्चित गर्ने कार्य भएमा त्यस्तो न्याय विनाको सत्यमाथि प्रश्न गर्ने मार्ग प्रशस्त हुने मात्र नभई त्यस्तो न्याय विनाको सत्य स्विकार्य हुनेछैन । त्यस्ता अर्थहिन संक्रमणकालीन न्याय सम्बन्धी कानून तथा संयन्त्रहरुलाई पीडित समुदाय बहिष्कार गर्न बाध्य हुनेछन् ।

ऐक्यवद्धता सहित,

संक्रमणकालीन न्यायका लागि वकालत समुह (टिजे एड्भोकेसी ग्रुप)